कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत पत्र प्राप्त संस्था)

**CORPORATE OFFICE**
Tangal, Kathmandu
**Phone:** +977-01-4443077/4443079
**Email:** info@kumaribank.com
**Website:** www.kumaribank.com
SWIFT: KMBLNPKA

प.लि.द.नं.:- ७२३/०५६/५७

प.च.नं.:-केबिएल/क.स./१९/२०७८/७९ मिति:२०७८/०७/२८

श्रीमान् रजिष्ट्रारज्यू,
श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर,काठमाण्डौं ।

**विषय : कम्पनी ऐन, २०६३ के दफा ८०(१) बमोजिम विवरण पेश गरिएको वारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७८/०७/१६ गते यस कुमारी बैंक लि.को एक्काईसौं वार्षिक साधारण सभा सम्पन्न भएको जानकारी गराउदै सो सभामा उपस्थित शेयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण, संचालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सभाबाट पारित निर्णयको १(एक) प्रति प्रतिलिपि सहित कम्पनी ऐन,२०६३ को दफा ८०(१) बमोजिम साधारण सभाको विवरण पेश गरिएको व्यहोरा अनुरोध छ ।

निवेदन साथ संलग्न विवरणहरु :

१.कम्पनी ऐन,२०६३ को दफा ८०(१) बमोजिम एक्काईसौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण, संचालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सभाबाट पारित निर्णयको विवरण - १ थान ।

२. आ.ब.२०७७/७८ को लेखापरीक्षण प्रतिवेदन - १ थान ।

**निवेदक**

KUMARI BANK LTD. CORPORATE OFFICE

.....................
भोला नाथ ढुंगाना
कम्पनी सचिव

**वोधार्थ :**

१) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।
२) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभाग, बालुवाटार, काठमाण्डौं ।
३) श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर ।
४) श्री नेपाल स्टक एक्सचेन्ज लि., सिंह दरवार प्लाजा, काठमाण्डौं ।
५) श्री सि.डि.एस.एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौं ।

# कुमारी बैंक लि.

# को

# एक्काईसौं वार्षिक साधारण

# सभाको

# निर्णय विवरणहरु

# (माईन्यूट)

२०७८/०७/१६

# श्री कुमारी बैंक लिमिटेड
## को
## एक्काईसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट)

श्री कुमारी बैंक लिमिटेडको एक्काईसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

१) **सभाको मिति, स्थान र समय :**
मिति : २०७८ साल कार्तिक महिना १६ गते मंगलवार (तद्नुसार ०२ नोवेम्वर २०२१)
स्थान : कुमारी बैंक लिमिटेड, नक्साल कार्यालय (प्रहरी प्रधान कार्यालय पेट्रोल पम्प अगाडि) काठमाण्डौं ।
समय : विहान ११:३० बजे ।

२) **सभाको सूचना :**
(क) बैंकको मिति २०७८/०६/२५ मा बसेको सञ्चालक समितिको बैठकले निर्णय अनुसार एक्काईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार मिति २०७८/०६/२६ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रथम पटक, मिति २०७८/०७/०३ गतेको कारोबार राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित गरिएको ।
(ख) बैंकको एक्काईसौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन सम्बन्धित नियमनकारी तथा अन्य निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, सिडिएसि एण्ड क्लियरिङ्ग लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

३) **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव**

१. एक्काईसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७८ को वासलात, आ.व.२०७७/०७८ को नाफानोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व.२०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
४. आ.व.२०७८/०७९ को लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने ।
५. संचालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजन सहित चुक्ता पूँजीको २.६७%(दुई दशमलव छ सात प्रतिशत) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम यस बैंकको आ.ब.२०७७/७८ को वितरण योग्य मुनाफाबाट यस बैंकका शेयरधनीहरुलाई चुक्ता पूँजीको ६%(छ प्रतिशत) वोनस शेयर प्रदान गर्न स्वीकृति प्रदान गर्ने ।

KUMARI BANK LTD. CORPORATE OFFICE

२. बैंकको आ.ब.२०७७/७८ को मुनाफाबाट शेयरधनीहरुलाई बोनश शेयर प्रदान गर्ने प्रस्ताव अनुसार बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सो हदसम्म यस बैंकको जारी तथा चुक्ता पूँजी कायम हुने गरी प्रवन्धपत्रको दफा ५(ख) र ५(ग) संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

३. बैंकको पुँजी बृद्धिको क्रममा तथा प्रवन्धपत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु ( नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदि) बाट कुनै कुराहरु फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात वा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. बैंकले आ.व.२०७७/०७८ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

५. यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न संचालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्न पारिश्रमिक तोक्ने लगायतका प्रकृया अबलम्बन गरी अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

**४) <u>सभामा उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम) :</u>**

**(क) सञ्चालकहरुको उपस्थिति**

| | | | |
|---|---|---|---|
| १) | श्री अमिर प्रताप ज.ब.राणा | अध्यक्ष – | उपस्थित |
| २) | प्रा.डा. गणेश प्रसाद पाठक | सञ्चालक – | उपस्थित |
| ३) | श्री महेश प्रसाद पोखरेल | सञ्चालक – | उपस्थित |
| ४) | श्री कृष्ण प्रसाद ज्ञवाली | सञ्चालक – | उपस्थित |
| ५) | श्री अनुराधा चौधरी | सञ्चालक – | उपस्थित |

**(ख) बैंक पदाधिकारीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १) | श्री अनुज मणि तिमिल्सिना | - का.मु.प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री मनिष तिमिल्सिना | - नायब प्रमुख कार्यकारी अधिकृत |
| ४) | श्री राम चन्द्र खनाल | - नायब महाप्रवन्धक |
| ५) | श्री भोलानाथ ढुंगाना | - कम्पनी सचिव |

**(ग) शेयरधनीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | शेयरधनी स्वयं उपस्थिति | ९४ जना |
| २. | प्रतिनिधि मार्फत | ५२३ जना |
| | **जम्मा** | **६१७ जना ।** |

KUMARI BANK LTD. CORPORATE OFFICE

५) **सभाको गणपूरक संख्या :**

| | |
|---|---|
| बाँडफाँड तथा बिकी भएको कुल शेयर संख्या | १३,८७,८४,७४८ कित्ता |
| आवश्यक न्यूनत्तम गणपुरक शेयर संख्या | ६,९३,९२,३७५ कित्ता |
| स्वयं उपस्थिति शेयर संख्या | १,४५,७५,५४३ कित्ता |
| प्रतिनिधि मार्फत उपस्थिति शेयर संख्या | ५,७५,१६,८३२ कित्ता |
| जम्मा उपस्थित शेयर संख्या | ७,२०,९२,३७५ कित्ता |
| जम्मा उपस्थित शेयर प्रतिशत | ५१.९४% |
| शेयरधनी स्वयं उपस्थिति | ९४ जना |
| प्रतिनिधि मार्फत | ५२३ जना |
| जम्मा उपस्थित शेयरधनी संख्या | ६१७ जना |

सभामा उपस्थित भएका उपरोक्त शेयरधनीहरु कम्पनी ऐन, २०६३ को दफा ७१ वमोजिम सभामा भाग लिन तथा मतदान गर्न योग्य रहेका थिए ।

६) **सभाको वैधानिकता :**
सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान ११:३० बजेसम्म कूल शेयर संख्या १३,८७,८४,७४८ कित्ताको ५०% भन्दा बढी शेयर संख्याको स्वयं तथा प्रतिनिधि मार्फत् तीन जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार ७,२०,९२,३७५ कित्ता संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

७) **सभाको अध्यक्षता :**
कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भए बमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै, सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, बैंकका पदाधिकारीहरु एवं शेयरधनीहरु सबैलाई आ–आफ्नो स्थानमा आसन ग्रहण गरी दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले समेत आसन ग्रहण गर्नुभयो ।

८) **अध्यक्षज्यूको मन्तव्य :**
सभामा स्वयं तथा अनलाइन मार्फत् उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै सभामा प्रस्तुत विषयसूचीहरु साथै यस चालु आ.व.२०७८/७९ को प्रथम त्रैमास सम्मको उपलब्धि तथा भावी योजनाहरुको बारेमा संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्नुभयो । साथै, कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण सृजना भएको बिषम परिस्थितिमा समेत बैंकबाट प्रवाह हुने बैकिङ्ग सेवाहरुलाई थप प्रभावकारी बनाउदै, सेवाग्राहीहरुलाई परेको समस्या समाधान गर्दै, बैंकलाई थप सफलता दिलाउने तर्फ बैंकको सञ्चालक समिति एवं बैंक व्यवस्थापन समेत कटिवद्ध रहेको व्यहोरा अनुरोध गर्दै यस एक्काईसौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु छलफल गरी सर्वसम्मत पारित गरिदिन अनुरोध गर्नुभयो ।



KUMARI BANK LTD. CORPORATE OFFICE

९) **छलफलका लागि आव्हान :**
साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६९ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले बोल्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

१०) **छलफलमा सहभागी हुने शेयरधनीहरु र व्यक्त धारणा, जिज्ञासा, तथा सुझाव :**
छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :–

१.श्री अमृतनाथ रेग्मी : सभालाई सम्वोधन गर्दै समयमै साधारण सभा गर्नु भएकोमा धन्यवाद दिनु हुंदै बैंकको प्रथम त्रैयमास सम्मको प्रगति राम्रै रहेको, आगामी दिनमा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरुसँग समेत मर्जर/प्राप्ति गर्नुपर्ने देखिन्छ । प्रस्तावित लाभांश तुलनात्मक रुपमा कम भए पनि लाभांशको लागि धन्यवाद दिदै बैंकको थप सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

२.श्री अशोक कुमार उप्रेती : सभालाई सम्बोधन गर्दै कोरोनाको महामारीको समयमा पनि सामाजिक दुरी कायम गर्दै सूचना प्रविधिको प्रयोग गरी शेयरधनीहरुलाई आफ्नो धारणा राख्ने व्यवस्था सहित बार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन गरेकोमा धन्यबाद व्यक्त गर्नु भयो । वोनश शेयर तथा नगद लाभांशको लागि धन्यवाद दिनु भयो । बैंकको पूँजीको आधार अझ बढाउनु पर्छ भन्दै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

३.श्री शत्रुघन श्रेष्ठ : वोनश र नगद लाभांशको लागि धन्यवाद दिंदै बैंकको प्रगतिको कामना गर्नु भयो ।

४.श्री उद्धव प्रसाद घिमिरे : सभालाई सम्बोधन गर्दै कोरोनाको महामारीको समयमा पनि सामाजिक दुरी कायम गर्दै सूचना प्रविधिको प्रयोग गरी शेयरधनीहरुलाई आफ्नो धारणा राख्ने व्यवस्था सहित वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन गरेकोमा धन्यवाद व्यक्त गर्नु भयो । वोनश शेयर तथा नगद लाभांशको लागि धन्यवाद दिदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

५.श्री नरसिंह लाल चखुं : सभालाई सम्बोधन गर्दै वोनश शेयर र नगद लाभांशको लागि धन्यवाद दिदैं बैंकको उत्तरोत्तर प्रगतिको कामना दिनु भयो ।

६.श्री शिव प्रसाद पौडेल : सभालाई सम्बोधन गर्दै वोनश शेयर र नगद लाभांशको लागि धन्यवाद दिदैं बैंकले आगामी वार्षिक साधारण सभाबाट अझ बढी लाभांश लिन सकोस् भनि शुभकामना दिनु भयो ।

७.श्री डम्मरु बल्लभ घिमिरे : सभालाई सम्बोधन गर्दैं अन्य समकक्षी बैंकको तुलनामा प्रतिफल कम दिनु भए पनि आगामी दिनमा बढी प्रतिफल दिन सकोस भनी कामना गर्नु भयो । आगामी दिनमा प्रतिफलको आधारमा अझ माथिल्लो स्थानमा जान सुझाव दिनु भयो । सभाको सफलता, बैंकको प्रगतिको कामना सहित बैंक व्यवस्थापन र कर्मचारी वर्गलाई धन्यवाद दिनु भयो ।

८.श्री चन्द्र नारायण श्रेष्ठ : सभालाई सम्बोधन गर्दै वोनश शेयर र नगद लाभांशको लागि धन्यवाद दिनु भयो । बैंकले सफल कार्य गरेकोमा धन्यवाद दिदै सभाको सफलताको शुभकामना दिनु भयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

९.श्री जगन्नाथ ज्ञवाली : सभालाई सम्बोधन गर्दै अन्य समकक्षी बैंकको तुलनामा प्रतिफल कम दिनु भएको कारण सोध्दै आगामी दिनमा बढी प्रतिफल दिन सकोस भनी कामना गर्नु भयो । सभाको सफलता, बैंकको प्रगतिको कामना सहित बैंक व्यवस्थापन र कर्मचारी वर्गलाई धन्यवाद दिनु भयो ।

१०.श्री भिम कृष्ण उदास : सभालाई सम्बोधन गर्दै गएको वर्ष भन्दा प्रतिफल कम भएको गुनासो व्यक्त गर्दै आगामी दिनमा बढी प्रतिफल दिन सकोस भनी कामना गर्नु भयो । सभाको सफलता, बैंकको प्रगतिको शुभकामना दिनु भयो ।

११.श्री लव राज जोशी : सभालाई सम्बोधन गर्दै वोनश र नगद लाभांशको लागि धन्यवाद दिंदै बैंकको प्रगतिको कामना गर्नु भयो ।

१२.श्री रोज कुमार श्रेष्ठ : सभालाई सम्बोधन गर्दै वोनश शेयर र नगद लाभांशको लागि धन्यवाद दिदै बैंकको प्रगतिको शुभकामना दिनु भयो ।

१३.श्री महेन्द्र बहादुर श्रेष्ठ : सभालाई सम्बोधन गर्दै कुमारी बैंकले वोनश र नगद लाभांशको लागि धन्यवाद दिंदै कोभिड महामारीले गर्दा पर्यटन क्षेत्रले गति लिन समय लाग्ने भएकोले लगानीका नयाँ वैकल्पिक क्षेत्र पहिचान गरी कृषि तथा साना एवं मझौला उत्पादनमुलक जस्ता क्षेत्रमा लगानी गर्न सुझाव दिनु भयो ।

१४.श्री राम गोपाल महर्जन : सभालाई सम्बोधन गर्दै वोनश शेयर र नगद लाभांशको लागि धन्यवाद दिदै बैंकको प्रगतिको शुभकामना दिनु भयो ।

१५.श्री गगन पराजुली : सभालाई सम्बोधन गर्दै गएको वर्ष भन्दा प्रतिफल कम भएको गनासो व्यक्त गर्दै आगामी दिनमा बढी प्रतिफल दिन सकोस भनी कामना गर्नु भयो । बैंकको प्रगतिको शुभकामना दिनु भयो ।

१६.श्री उत्तम पाठक : सभालाई सम्बोधन गर्दै अन्य बैंकको तुलनामा प्रतिफल कम भए पनि आगामी दिनमा बढी प्रतिफल दिन सकोस भनि कामना गर्नु भयो । सभाको सफलता, बैंकको प्रगतिको शुभकामना दिनु भयो ।

१७.श्री गुणराज भट्ट : सभालाई सम्बोधन गर्दै कुमारी बैंक अघिल्लो वर्ष भन्दा कम लाभांश दिएको गुनासो गर्दै आगामी दिन यो भन्दा बढी प्रतिफल दिन सकोस भनि कामना गर्नु भयो ।

१८.श्री ब्रम्हदेव शाक्य : सभालाई सम्बोधन गर्दै कुमारी बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत सामाजिक दायित्व निर्वाह गर्दा काठमाण्डौं महानगरपालिकासँग समन्वय गरी सार्वजनिक सौचालय निर्माण गर्न सुझाव दिनु भयो । प्रस्तावित वोनश शेयर र नगद लाभांशको लागि धन्यवाद दिंदै बैंकको प्रगतिको शुभकामना दिनु भयो ।

११) **<u>सभामा व्यक्त भएका धारणा, सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :</u>**
छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यूले देहाय बमोजिम जिज्ञाशालाई स्पष्ट गर्नुभयो र सल्लाह सुझावलाई मनन गरी आगामी कार्य योजना बनाउने कुरा प्रस्तुत गर्नुभयो ।



KUMARI BANK LTD. CORPORATE OFFICE

**अध्यक्षज्यूको जवाफ :–**

शेयरधनी महानुभावहरुबाट व्यक्त मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भव भएसम्मका सल्लाह तथा सुझावहरुलाई लागू गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै शेयरधनीहरुको सुझाव बमोजिम नै बैंकको उत्तरोत्तर प्रगतिको लागि बैंकले आफ्नो रणनीति बमोजिम कार्य गरिरहेको विश्वास दिलाउनु भयो । नेपाल राष्ट्र बैंकबाट जारी कर्जा नोक्सानी व्यवस्था सम्बन्धी निर्देशनहरुको कारण प्रस्तावित लाभांश कम भएको जानकारी दिनु भयो । आवश्यकता र औचित्यताको आधारमा बैंकको शाखा नरहेको स्थानमा शाखा विस्तार गर्दै जाने बैंकको लक्ष्य रहेको छ । बैंकले आफ्नै भवन बनाउन धेरै शेयरधनीहरुको तर्फबाट प्राप्त सुझावलाई कोभिड-१९ को महामारीको कारण भवन निर्माण प्रकृया ढिलो भएको र उक्त महामारी न्युनिकरण पश्चात् भवन निर्माण प्रकृया शुरु गरिने जानकारी गराउनु भयो । साथै आगामी वर्ष समेत कोभिड-१९ ले पार्ने असरलाई न्युनीकरण गर्दै शेयरधनीहरुलाई अधिक प्रतिफल दिन बैंक सञ्चालक समिति एवं बैंक व्यवस्थापन अथक रुपमा प्रयासरत रहेको व्यहोरा समेत जानकारी गराउनु भयो । साथै, कुमारी बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत सामाजिक दायित्व निर्वाह गर्दा काठमाण्डौं महानगरपालिकासँग समन्वय गरी सार्वजनिक सौचालय निर्माण गर्न पहल गर्ने सुझाव बमोजिम प्रकृया अघि बढाउने जानकारी दिनु भयो ।

अन्तमा अध्यक्षज्यूले यस सभामा शेयरधनी साथीहरुबाट थुप्रै बहुमूल्य सुझावहरु दिनु भएकोले ती सुझावहरुलाई फेरी पनि सञ्चालक समिति तथा व्यवस्थापन समूह वीच छलफल गरी उपयुक्त देखिएको र सम्भव भए सम्मका सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने विश्वास दिलाउनु भयो । सम्पूर्ण शेयरधनी साथीहरुबाट प्राप्त सल्लाह, सुझाव, भावना आदिको उच्च सम्मान गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग, सल्लाह र सुझावको अपेक्षाका साथ सभामा प्रस्ताव गरिएका विषयहरुलाई सर्वसम्मत पारित गरी दिनको लागि अनुरोध गर्नुभयो । साथै, निर्धारित कार्यक्रम अगाडि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित विषयहरु निर्णयार्थ पेश गर्ने अनुमति माग्दै छलफलका विषयहरुलाई निर्णयार्थ पेश गरी त्यसपछि क्रमैसँग प्रस्ताव पारित गरिदिन अनुरोध गर्नुभयो ।

१२) **सभाको प्रस्ताव तथा निर्णयहरु :**

**क. सामान्य प्रस्ताव तर्फ :**

१. **एक्काईसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**

**निर्णय :-**सभामा निर्धारित विषय सूची नं.(क)(१) बमोजिम एक्काईसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७७/०७८ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७८ को वासलात, आ.व. २०७७/०७८ को नाफानोक्सान हिसाव र सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।**

**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(क)(२) बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७८ को वासलात, आ.व.२०७७/०७८

KUMARI BANK LTD. CORPORATE OFFICE

को नाफानोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाव, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

३. **यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व.२०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**
**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(क)(३) बमोजिम यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व.२०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

४. **आ.व.२०७८/०७९ को लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने वारे ।**
**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(क)(४) बमोजिम आ.व.२०७८/७९ को लागि वाहय लेखापरीक्षण तथा कर लेखापरीक्षण गर्न श्री Joshi & Bhandary Chartered Accountant, Kathmandu लाई नियुक्त गर्ने पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो । साथै, लेखापरीक्षकलाई पारिश्रमिक तथा अन्य सुविधा एवं सम्पूर्ण खर्च समेतका लागि मुल्य अभिबृद्धि कर सहित रु.२५,००,०००/-(अक्षरेपी पच्चिस लाख मात्र) प्रदान गर्ने प्रस्ताव पारित दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

५. **संचालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजन सहित चुक्ता पूँजीको २.६७%(दुई दशमलव छ सात प्रतिशत) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने ।**
**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(क)(५) बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजन सहित चुक्ता पूँजीको २.६७%(दुई दशमलव छ सात प्रतिशत) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**ख. विशेष प्रस्ताव तर्फ :**

१. **संचालक समितिले प्रस्ताव गरे बमोजिम यस बैंकको आ.ब.२०७७/७८ को वितरण योग्यमुनाफाबाट यस बैंकका शेयरधनीहरुलाई चुक्ता पूँजीको ६%(छ प्रतिशत) वोनस शेयर प्रदान गर्न स्वीकृति प्रदान गर्ने ।**
**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(ख)(१) बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम यस बैंकको आ.ब.२०७७/७८ को वितरण योग्यमुनाफाबाट यस बैंकका शेयरधनीहरुलाई चुक्ता पूँजीको ६%(छ प्रतिशत) वोनस शेयर प्रदान गर्न स्वीकृति प्रदान गरी दिन अनुरोध गरेको प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

२. **बैंकको आ.ब.२०७७/७८ को मुनाफाबाट शेयरधनीहरुलाई वोनश शेयर प्रदान गर्ने प्रस्ताव अनुसार बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सो हदसम्म यस बैंकको जारी तथा चुक्ता पूँजी कायम हुने गरी प्रवन्धपत्रको दफा ५(ख) र ५(ग) संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।**
**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(ख)(२) बमोजिम बैंकको आ.व.२०७७/७८ को मुनाफाबाट शेयरधनीहरुलाई वोनश शेयर प्रदान गर्ने प्रस्ताव अनुसार बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सो हदसम्म यस बैंकको जारी तथा चुक्ता पूँजी कायम हुने गरी कुमारी बैंक लिमिटेडको प्रवन्धपत्रको दफा ५(ख) र ५(ग) मा तपसिलमा उल्लेख भए बमोजिम संशोधन गर्ने प्रस्ताव पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।



KUMARI BANK LTD.

**कुमारी बैंक लिमिटेड**
**को**
**संशोधित प्रवन्धपत्र**

**दफा ५. बैंकको पूँजीको संरचना :** बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–

(ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु.१४,७१,११,८३,३२६/-(अक्षरुपी चौध अर्व एकहत्तर करोड एघार लाख त्रियासी हजार तीन सय छव्विस मात्र) हुनेछ ।

(ग) बैंकको तत्काल चुक्ता पूँजी रु.१४,७१,११,८३,३२६/-(अक्षरुपी चौध अर्व एकहत्तर करोड एघार लाख त्रियासी हजार तीन सय छव्विस मात्र) हुनेछ ।

३. **बैंकको पुँजी वृद्धिको क्रममा तथा प्रवन्धपत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु ( नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदि) बाट कुनै कुराहरु फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात वा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**
**निर्णय :-** सभामा निर्धारित विषय सूचि नं.(ख)(३) बमोजिम बैंकको पुँजी बृद्धिको क्रममा तथा प्रवन्धपत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात वा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

४. **बैंकले आ.व.२०७७/०७८ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१)(ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने वारे ।**
**निर्णय :-** सभामा निर्धारित विषय सूचि नं.(ख)(४) बमोजिम बैंकले आ.व.२०७७/०७८ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

५. **यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न संचालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्न पारिश्रमिक तोक्ने लगायतका प्रकृया अबलम्बन गरी अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।**
**निर्णय :-** सभामा निर्धारित विषय सूचि नं.(ख)(५) बमोजिम यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न संचालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्न पारिश्रमिक तोक्ने लगायतका प्रकृया अबलम्बन गरी अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन)

KUMARI BANK LTD. CORPORATE OFFICE

गर्नको लागि संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**ग. विविध ।**

प्रस्ताव खण्डको (ग) को विविध शीर्षक अन्तर्गत केही नभएको ।

१३) **धन्यवाद ज्ञापन :**

छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षज्यूले एकाईसौं वार्षिक साधारण सभामा सहभागी शेयरधनी महानुभावज्यूहरु, संचालकज्यूहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा बैंकको वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, समस्त ग्राहक वर्ग, बैंक व्यवस्थापन समूह, सम्पूर्ण कर्मचारी वर्ग लगायत सकारात्मक मन्तब्य तथा सुझावहरु प्रस्तुत गरेकोमा शेयरधनी महानुभावज्यूहरुलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

१४) **सभा बिसर्जन :**

अन्त्यमा, सभाका अध्यक्षज्यूले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले बैंकको एक्काईसौं वार्षिक साधारण सभा दिनको १:५५ बजे विसर्जन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| .............................. | KUMARI BANK LTD. CORPORATE OFFICE | .............................. |
| भोला नाथ ढुंगाना | | अमिर प्रताप ज.ब.राणा |
| कम्पनी सचिव | | अध्यक्ष |

**************